नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

स्थानीय तह निर्वाचन २४ दिन बाँकी

इ-पेपर हेर्नको लागि

www.ehimalayatimes.com | @ehimalayatimes | @himalaya_times

वर्ष २७, अंक ११४ काठमाडौं | २०७९ वैशाख ६ मंगलबार | वैशाख कृष्णपक्ष, तृतीया | नेपाल संवत् ११४२ | HIMALAYA TIMES | Tuesday 19 Apr. 2022 | पृष्ठ ८ | मूल्य रु. ५।-


**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग**
**रानी जमरा कुलरीया सिंचाइ आयोजना**
**टिकापुर, कैलाली**

## पथरिया-कान्द्रा विस्तार नहर आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०१/०६**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जलस्रोत तथा सिंचाइ विभाग, रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीद्वारा सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नहरपालिका, जोशीपुर गाउँपालिका र बर्दगोरया गाउँपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| **प्रस्तावकको नाम र ठेगाना** | **रानी जमरा कुलरीया सिंचाइ आयोजना**<br>टिकापुर, कैलाली |
|---|---|
| **प्रस्तावको व्यहोरा** | पथरिया-कान्द्रा विस्तार नहर आयोजना: प्रस्तावित रानी जमरा कुलरीया सिंचाइ आयोजना टिकापुर, कैलालीले लम्कीचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरीया गाउँपालिकामा पथरिया देखि कान्द्रा सम्म आयोजना निर्माण गर्न लागेको छ । प्रस्तावित पथरिया-कान्द्रा विस्तार नहरको लम्बाई १२.९५ कि.मि. रहेको छ । प्रस्तावित आयोजना रानी जमरा कुलरीया सिंचाइ आयोजना अन्तर्गत पर्दछ । प्रस्तावित आयोजनाले मूल नहरको रूपमा  पथरिया-कान्द्रा विस्तार नहर पश्चिम रहेको छ भने पथरिया-कान्द्रा विस्तार नहर दक्षिणको रूपमा पथरिया नदीमा पहिले देखि चल्दै आइरहेको पुराना सिंचाइ प्रणालीहरू रहेका छन्।पथरिया-कान्द्रा विस्तार नहर पश्चिम अन्तर्गत ४ वटा र पथरिया-कान्द्रा विस्तार नहर दक्षिण अन्तर्गत २ वटा शाखा नहरहरु पर्दछ । पथरिया-कान्द्रा विस्तार नहर पश्चिम अन्तर्गत ४ वटा शाखा नहरहरुको लम्बाई निम्न बमोजिम हुनेछ ।<br>क) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-१ को लम्बाई ३.१० कि.मि. हुनेछ ।<br>ख) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-२ को लम्बाई ११.७० कि.मि. हुनेछ ।<br>ग) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-३ (भजनी शाखा नहर) को लम्बाई ३.४ कि.मि. हुनेछ ।<br>घ) पथरिया-कान्द्रा विस्तार नहर पश्चिम शाखा नहर-४ को लम्बाई १५.२० कि.मि. हुनेछ ।<br>पथरिया-कान्द्रा विस्तार नहर दक्षिण अन्तर्गत २ वटा शाखा नहरहरुको लम्बाई निम्न बमोजिम हुनेछ ।<br>क) पथरिया-कान्द्रा विस्तार नहर दक्षिण शाखा नहर-१ को लम्बाई ८.७५ कि.मि. हुनेछ ।<br>ख) पथरिया-कान्द्रा विस्तार नहर दक्षिण शाखा नहर-२ को लम्बाई ८.०८ कि.मि. हुनेछ ।<br>प्रस्तावित आयोजना सञ्चालनका लागि रानी जमरा कुलरीया सिंचाइ आयोजनाको मूल नहरको विभाजन बिन्दू (Bifurcation Point) बाट पानी प्रयोग गरिनेछ । प्रस्तावित आयोजनाको ग्रस कमाण्ड क्षेत्र २८,१७० हेक्टर र नेट कमाण्ड क्षेत्र १७,५११ हेक्टर रहेको छ। उक्त आयोजनाले १७,५११ हेक्टर जग्गा सिंचित गरी खेतीको सघनता (Intensity) लाई १३०% बाट २२६% सम्म पुऱ्याउने लक्ष्य राखेको छ । |
| **प्रभाव पर्ने जिल्ला, नगरपालिका/ गाउँपालिका तथा वडा** | कैलाली जिल्ला,<br>लम्कीचुहा नगरपालिकाको वडा नं. ८; घोडाघोडी नगरपालिकाको वडा नं. १, २, ३, ५, ७ र १२; भजनी नगरपालिकाको वडा नं. १, २, ३, ४, ६, ८ र ९; जोशीपुर गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ र बर्दगोरीया गाउँपालिकाको वडा नं. १, २, ४, ५ र ६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को मस्यौदा प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना: | परामर्शदाताको नाम र ठेगाना: |
|---|---|
| **रानी जमरा कुलरीया सिंचाइ अयोजना**<br>टिकापुर, कैलाली<br>इमेल: rjkip@hotmail.com<br>फोन नं.: ०९१-५६०४१० | इन्भारोमेन्टल वर्क्स एण्ड सर्भिसेज<br>नयाँ बानेश्वर, काठमाडौं<br>इमेल: ews.ktm@gmail.com<br>फोन नं. : ०९७७-९८४९६०५१९५ |